**आदरणीय गाउँसभाका सभाअध्यक्ष ज्यु सभामा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु**

सर्वप्रथम यस मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>आय तर्फ</u>**

मिति २०७५/०३/१० गतेका दिन यस गाउँसभा समक्ष प्रस्तुत भएको निति तथा कार्यक्रमलाई सम्वोधन हुने गरि आगामि आ.व.को बजेट तथा कार्यक्रम तयार पारिइएको छ ।आर्थिक वर्ष २०७५/०७६ मा संघीय सरकारको वित्तिय समानिकरण अनुदान तर्फ रु १० करोड ६१ लाख, राजस्व वाडफाडबाट रु ४ करोड ९१ लाख २५ हजार प्राप्त हुने अनुमान गरिइएको छ । प्रदेश सरकारको वित्तिय समानिकरण तर्फ रु ६८ लाख २२ हजार र राजस्व बाडफाड बाट १३ लाख २१ हजार प्राप्त हुने अनुमान गरिइएको छ । लागत सहभागिता रु १ करोड अनुमान गरेको छु, त्यसै गरि विषयगत शाखाहरुको शर्सत अनुदान १४ करोड ९१ लाख अनुमान गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत रु ३ करोड,स्थानीय शासन सामुदायिक विकास कार्यक्रमको रु १५ लाख, पुल संरक्षकको पारिश्रमिक रु १लाख १६हजार ,गाउँपालिकाको आन्तरिक राजस्व अनुमान रु १२ लाख २ हजार ३ सय र अन्य अन्य आय रु१करोड ५० लाख गरि जम्मा आम्दानि रु ३७ करोड २ लाख ८६हजार ३ सय हुने अनुमान गरिएको छ ।

---

**अध्यक्ष महोदय,**

**<u>व्यय तर्फ</u>**

आगामि आर्थिक वर्ष २०७५/०७६ मा देहायका कार्यक्रमहरुमा देहाय बमोजिमको रकम खर्च गर्नेगरि प्रस्ताव गरिएको छ ।

१. पूँजिगत तर्फ विनियोजित रकम जस अन्तर्गत कर्मचारी कल्याण कोषमा रु २ लाख विनियोजन गरेको छु ।

२. यसगाउँपलिकाअन्तर्गतका विभिन्न योजनाहरुको सम्भाव्यता अध्ययन र विभिन्न सेवा तथा परामर्शका लगि रु५५ लाख प्रस्ताव गरेको छु ।

३. केन्द्र सरकार प्रदेश सरकार विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था संगको साझेदारी र वन जंगलमाथिको निर्भरतालाइ कम गर्ने गरी निर्माण गरिने बायोग्यास र सुधारिएको चुल्हो जडानमा सहयोग पुग्ने र यस गाउँपालिका भित्र निर्माणहुने भौतिक पुर्वाधार संस्कृति संरक्षण तथा अन्य यस्तै प्रकृतिका कार्यक्रमकम लागि रु १ करोड समपुरक कोषको व्यवस्था गरेको छु ।

४. निजिस्रोतमा संचालित विधालयहरुमा शैक्षिक गुणस्तर बृद्धि गर्न र शिक्षा सम्बन्धि आवश्यक कार्य गर्नको लागि रु ६० लाख विनियोजन गरिएको छ । उक्त रकम कार्यविधि बनाई खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

२०७५।३।२८

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

मालिकार्जुन गाउँ कार्यपालिकाको कार्यालय

५. महिला स्वास्थ्य स्वयमसेविका र यस गाउँपालिका भित्र रहेका एच आइ भी संक्रमितहरुको सचेतना अभिबृद्धि तथा तिनको उपचारलाइ टेवा पुग्ने कार्यलाइ समेत राहत हुनेगरि स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्न रु ३५ लाख प्रस्ताव गरेको छु ।

६. व्यवसायिक पशुपालन र नस्ल सुधार महामारी नियन्त्रण लगायत अन्य कार्यक्रमहरु संचालन गर्न रु २५ लाख छुट्याइएको छु ।

७. व्यवसायिक फलफुल खेति ब्यवसायीक तरकारी खेति,माटो परिक्षण लगायत बेमौसमि तरकारी खेति अनुदानमा कृषि साम्रगीहरु उपलब्ध गराउन र कृषि सम्बन्धि अन्य कार्यक्रम संचालन गर्नको लागि रु ७० लाख विनियोजन गरिएको छ ।

८. सहकारि मार्फत यस पालिकाको विकास गर्न सहकारी प्रवर्धन प्रशिक्षण र पुँजिगत अनुदान समेत उपलब्ध गराउने उदेश्यले रु ५ लाख विनियोजित गरेको छु ।

९. आयुवेद चिकित्सा पद्धितिलाई प्रवर्धन गर्न रु ३ लाख विनियोजन गरेको छु ।

१०. महिला बालबालिका लगाएत अन्य लक्षित वर्गलाई समुहमा आवद्ध गरि उनिहरुको क्षमता अभिवृद्धि शसक्तिकरण सीप विकास र आयआर्जनका कार्यक्रम संचालन गर्न र स्वरोजगार बनाउन रु ५० लाख प्रस्ताव गरिएको छु ।

११. कार्यालयको सूचना प्रविधि तथा सूचना शाखा व्यवस्थित गर्न आठवटै वडा कार्यालयहरुमा इन्टरनेट सेवा स्थापना गर्न र कार्यालयका अभिलेखहरुलाइ डिजिटलाइट गर्नकोलागि रु ८ लाख विनियोजन गरेको छु ।

१२. विभिन्न निकायबाट हस्तान्तरण भइ आएका यस गाउँपालिका अन्तर्गत संचालित क्रमागत योजनाहरुलाइ आ व ०७५।०७६ भित्र सम्पन्न गर्ने गरी रु ३१ लाख ३८ हजार प्रस्ताव गरेको छु ।

१३. खेलका माध्यमबाट यस क्षेत्रका युवा तथा किशोरकिशोरीहरुको अनुशासन शारीरिक सु-संगठन र स्वाबलम्वि बनाई राष्टिय तथा अन्तराष्टिय स्तरका खेलाडीहरु तयार गर्ने उद्धेश्यले यस गाउँपालिकाको एरीछाना शंकरपुर र उकुमा खेदकुद फिल्ड निर्माणका लागि रु ३० लाख व्यवस्था गरेको छु ।

१४. पुरातात्विक महत्वको उकु महल संरक्षण र सम्बर्धनका लागि रु५ लाख विनियोजन गरेको छु ।

१५. यसक्षेत्रको कला संस्कृति र कलाकारहरुको पहिचान र स्थानीय उत्पादनको प्रचारप्रसार एवं बजारीकरण समेतलाइ सहयोग पुग्ने गरी आ व ०७५।०७६ मा जोलजिवी महोत्सव आयोजना गरिने छ र सो का लागि रु १० लाख प्रस्ताव गरेको छु ।

१६. विगत वर्षदेखि संचालनमा रहेको ऐरीछाना डाँडाँकोट सडकलाइ निरन्तरता दिन अगामी आ०व० मा रु २० लाख विनियोजन गरेको छु ।

१७. लेठुया खोला तटबन्द निर्माणमा रु ५लाख लटीनाथ मन्दिर निर्माणमा रु २लाख शंकरपुर गौल बाटो निर्माणका लागि रु ३ लाख वडा नं ३ मड बालिचन मन्दिर निर्माणका लागि रु १० लाख वडा नं ६ बाँकू पन्तनगर देखि दलित टोल सम्म सडक निर्माण गर्न रु ७ लाख विनियोजन गरेको छु ।

१८. यस वर्ष संचालित शंकरपुर जोलजीवी सडकलाइ आगामी आ०व० मा निरन्तरता दिन रु ८ लाख प्रस्ताव गरेको छु ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

१९.वडा नं ६ लाइ गाउँपालिका सदरमुकामसंग जोड्ने गरी शंकरपुर नम्सिकार थला बन्थला सलेति सडक निर्माण गर्न रु १० लाख प्रस्ताव गरिएको छु । उक्त सडकलाइ सयमै सम्पन्न गर्न प्रदेश सरकारसंग रकम माग गर्ने निर्णय गरिएको छ ।

२०.वडा नं २ लाई मुख्य सडक संग जोडने उद्देश्यले धामीगडा मौपानी खुना सडक प्रस्थाव गरिएको छ र सो का लागि रु १५ लाख विनियोजन गरिएको छ ।

२१.प्राकृतिकप्रकोप लगायतका तत्काल गर्नुपर्ने भैपरी आउने कामका लागि रु २५ लाख प्रस्ताव गरेको छु ।

२२.ठाडीधार कपडे सिँचाईका लागि रु १५ लाख, न्यायिक समितिको कार्यालय व्यवस्थापन तथा न्यायिक कार्यमा सहयोग पुग्नेगरि कार्यक्रम संचालन गर्न रु २० लाख , वडा नं. ८ को वडा कार्यालयको बैठक हल व्यवस्थापन तथा शौचालय निर्माणका लागि रु १० लाख विनियोजन गरेको छु ।

२३.शंकरपुर हुनैनाथ डाडाकोट सडकका लागि रु १५ लाख र ढिब्ड्या भतेडिगडा मडभौतडी हुदै चौड मन्दिरसम्म सडकका लागि रु १० लाख प्रस्तावित गरेको छु ।

२४. वडा नं ७ चौण सिँचाई योजनाको लागि रु ५ लाख विनियोजन गरेको छु ।

२५. गाउँपालिका अन्तरगतका वडा स्तरका योजनाहरुमा समेटिन नसकेका तर अति आवश्यक योजनाहरु संचालन गर्न एकमुष्ट रु १ करोड व्यवस्था गरिएको छ ।

२६. वित्तिय समानिकरण तर्फको बाँकि रहेको रकम रु ३ करोड ३ लाख ४७ हजार ९ सय लाई वडा गत रुपमा देहाय बमोजिम विनियोजन गरेको छु । वडा नं. १.को लागि रु ३३ लाख, वडा नं. २ को लागि रु ४२ लाख, वडा नं. ३.को लागि रु ३९ लाख, वडा नं. ४. को रु ३५ लाख, वडा नं. ५.को रु ३९ लाख, वडा नं. ६ को रु ३९ लाख, वडा नं. ७.को रु ३५ लाख ४७ हजार ९सय, वडा नं. ८. को ४१ लाख विनियोजन गरि उक्त रकम बाट संचालन हुने योजनाहरु अनुसूचि ६ मा प्रस्ताव गरेको छु ।

**अध्यक्ष महोदय राजस्व बाडफाड र शर्सत अनुदान वाट आगामि आ.व.मा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिने छन् ।**

२७.कर्मचारीहरुको तलब भत्ता कार्यालय संचालन लगायतका अन्य स्वीकृत कार्यक्रमहरु संचालन गर्न रु ५ करोड १६ लाख ४८ हजार ३ सय विनियोजन गर्न प्रस्ताव गरेको छु । उक्त रकम राजस्व बाडफाड बाट प्राप्त हुने अनुमान गरेको छु ।

२८.विषयगत शाखाहरुका तोकिएका कार्यक्रम संचालन गर्न र ति शाखामा कार्यरत कर्मचारीहरुको तलब भत्ता समेतको लागि रु १४ करोड ९१ लाख प्रस्ताव गरिएको छ ।

२९.गाउँपालिका भित्रका जेष्ठ नागरिक एकल महिला लोपोन्मुख समुदायका व्यक्ति शारिरिक अपाङगता भएका व्यक्ति दलित जेष्ठ नागरिक र दलित बालबालिकाहरुलाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मासिक भत्ता उपलब्ध गराउन रु ३ करोड विनियोजित गरेको छु ।

३०.केन्द्रिय सरकार र प्रदेश सरकार बाट अन्य कार्यक्रम अन्तर्गत प्राप्त हुने रकम रु १ करोड ५० लाख बाट शंकरपुर खानेपानी आयोजना वडा नं.८ शंकरपुर पौडी माणौ, बागबजार

२०७८।३।२४

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मालिकार्जुन गाउँपालिका शंकरपुर, दार्चुला

थलाबन्थला सलेति सडक र मालिकार्जुन न्वालपानी दमौरा बजानी नेटा सडक संचालन गर्न प्रस्ताव गरिएको छ।

३१.स्थानीय शासन सामुदायिक विकास कार्यक्रम तथा पुलहेराला तर्फको रकम क्रमश रु १५ लाख र रु १ लाख १६ हजार तोकिएको कार्यक्रममा खर्च गर्न विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

अन्तमा यस मालिकार्जुन गाँउपालिकाको समग्र विकास र सम्वृद्धिको लागि प्रस्तावित कार्यक्रमहरु यस सभाबाट पारित गरि सबै राजनितिक दल, जनप्रतिनिधिहरु, नागरिक समाज, बुद्धिजिवि, निजि क्षेत्र, कर्मचारी र आम नागरिकको कार्यान्वयमा सहयोग पुग्ने अपेक्षा राखेकेको छु । समुन्नत र सम्वृद्ध मालिकार्जुन गाँउपालिका बनाउने हाम्रो अभियानमा सबै पक्षबाट सृजनात्मक र रचनात्मक सहगोगको अपेक्षा गर्दै बिदा हुन्छु ।

२०७५।३।२८

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाँउपालिका

धन्यवाद।